# राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र संयुक्त राष्ट्रसंघका उपमहासचिब बीच शिष्टाचार भेट

काठमाडौं

नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघका उपमहासचिब ज्ञानचन्द्र आचार्यले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठसँग आइतबार बिहान आयोगको कार्यालय सिंहदरबारमा शिष्टाचार भेट गर्नुभएको छ ।

भेटका अबसरमा उहाँहरुबीच नेपालको ऊर्जाको विकास, वर्तमान आर्थिक स्थिति, भावि परिदृश्य लगायतका विषयमा छलफल भएको थियो ।

उक्त अबसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. श्रेष्ठले नेपालले ऊर्जा विकासमा विस्तारै प्रगति गर्दै गरेको र आगामि केही वर्षमा ऊर्जाको क्षेत्रमा उल्लेख्य प्रगति हुने बताउनुभयो ।

‘‘ऊर्जा हामीले धेरै आयोजनाहरु सुरु गरिसकेका छौं । धेरैको प्रगति राम्रो छ । लामो समय अन्धकारमा रहनु परेपनि अब केही वर्षमा हामी ऊर्जामा राम्रो गर्ने छौं,’’ उहाले भन्नुभयो ।

देशको विकासका लागि ऊर्जा, यातायात र सूचना प्रविधिको विकास उल्लेख्य रहने बताउँदै उहाँले अब यातायातको लागि आवश्यक पूर्वाधारको विकास गरी सूचना प्रविधिलाई सुशासन तथा विकासमा प्रयोग गर्न सके नेपालले द्रुत विकासमा अगाडि बढ्ने सम्भावना रहेको बताउनु भयो ।

उहाँले नेपालले सबै किसिमका नराम्रा दिन पार गरिसकेको बताउँदै उहाँले स्थानीय निकायको चुनाब पछि देशमा राजनितिक स्थिरता आउने र देश आर्थिक विकासमा अगाडि बढ्ने बताउँनुभयो ।

उपमहासचिब आचार्यले अतिकम विकसित देशहरुले ऊर्जा र भौतिक पूर्वाधारका क्षेत्रमा आफ्नो क्षमता अभिवृद्धि गर्नपर्ने भन्दै ऊर्जा बैठमा आएका विषयहरुलाई शम्बोधनका लागि आफूले सक्दो सहयोग गर्ने बताउनुभयो ।

उहाँले राजनितिक अस्थिरताका बावजुद नेपालले हाशिल गरेको सफलताका कथाहरुलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउनु पर्नेमा बिशेष जोड दिनुभयो ।

आचार्य राष्ट्रिय योजना आयोगको आयोजनामा यही बुधबार र बिहिबार हुने दिगो ऊर्जासम्बन्धी क्षेत्रीय बैठकमा भाग लिन नेपाल आउनुभएको हो ।

२०७३ चैत्र ६ गते



**संयुक्त राष्ट्रसंघका उपमहासचिब ज्ञानचन्द्र आचार्य र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ भेटको क्रममा**